# नेपालगंज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## (स्वास्थ्य महाशाखा)

☎ : ०८१-५२०१५१
☎ : ०८१-५२०३३८
☎ : ०८१-५२५३२३
इ-मेल : nepalgunjmun@gmail.com

नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल


प.सं.०७९/८०
च.नं. : ४२४५

**स्वास्थ्य संस्थामा Online Recording and Reporting Application को लागी प्रस्तावाना पत्र पेश गर्ने बारे सुचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८०/०२/३१)**

नेपालगंज उप-महानगरपालिकाको आ.व. २०७९/८० को बार्षिक स्विकृत कार्यक्रम अन्तर्गत २३ वटा स्वास्थ्यमा स्वास्थ्य सूचना प्रणली अनलाइन रिपोटिंगको लागि स्वास्थ्य संस्था संचालन गर्न इन्टरनेट महशुल तथा **अनलाईन अभिलेख तथा प्रतिवेदन सम्बन्धि सोफ्टवेयर जडान तथा स्वास्थ्यकर्मीलाई अभिमुखिकरण आवश्यक डिभाईस खरिद गर्नको** लागी उक्त क्षेत्रमा आवद्ध ख्यातीप्राप्त,अनुभवी एवं विशेषज्ञता हासिल गरेका गैरसरकारी संस्था वा परामर्शदाता संस्थाहरुबाट सेवा खरिद मार्फत संचालन गर्नपर्ने भएकोले प्रस्ताव पेश गर्नका लागी तोकिएको कार्यक्षेत्रगत शर्त (TOR) बमोजिम प्राविधिक तथा आर्थिक विषय उल्लेख गरि एउटै प्रस्ताव तयार गरि देहायका कागजातहरु संलग्न राखि शिलबन्दी खाम सहित सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्न हुन सुचित गरिन्छ ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | स्विकृत वजेट |
|---|---|---|
| १ | Online Recording and Reporting Application जडान | १०००,०००/- (दस लाख मात्र) |

प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपिः

१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र ।

२)आन्तरिक राजश्व कार्यालयबाट जारी भएको स्थायी लेखा नंबर वा मु.अ.कर दर्ता प्रमाणपत्र ।

३) **स्वास्थ्य सेवा विभागको अनुमति पत्र तथा DHIS2 मा प्रतिवेदन Submit गर्ने System समेत उपलब्ध रहेको हुनु पर्ने ।**

४) **HMIS को शंसोधन Tools २०७८ अनुसारको अभिलेख तथा प्रतिवेदनको फर्म्याट अनुसार हुनुपर्ने छ ।**

५) आ.व. ०७८/७९ सम्मको आर्थिक लेखा परिक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्र ।

६) **स्वास्थ्यकर्मीहरुलाई अनलाईन अभिलेख तथा प्रतिवेदन सम्बन्धि आवश्यक तालिम समेत संचालन गर्नु पर्नेछ ।**

७) आफ्नै कार्यालय भएको वा वाहालमा लिएको भए सो को प्रमाणपत्र ।

८) उप-महानगरपालिकामा बुझाउनु पर्ने सबै प्रकारका कर चुक्ता गरेको

९) संस्था कालो सुचिमा नपरेको व्यहोरा अध्यक्ष स्यवंले स्वघोषणा गरि पत्र संलग्न गरेको ।

१०) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त (TOR) का आधारमा तयार गरेको हुनु पर्नेछ ।

११) संस्थाको विधानमा भएको उद्देश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको हुनु पर्नेछ ।

१०) उल्लेखित बजेट भित्र पर्ने गरि लागत साझेदारिमा पेश भएको प्रस्तावलाई विशेष प्राथमिकता दिईनेछ ।

१२) करकट्टी लगायत अन्य बिषयहरु सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ ।

१३) प्रस्तावको प्रत्येक पानामा पेश गर्ने संस्थाको आधिकारिक व्यक्तिको दस्तखत र छाप लागेको हुनु पर्नेछ ।

१३) प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरि सक्नु पर्नेछ ।

१४) दर्ता भएका सबै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनिधि तथा प्रस्तावदाता प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

१५) प्रकाशित सुचना तथा कार्यक्षेत्रगत शर्त (TOR) यस कार्यालयको सुचना पाटी तथा website: www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीको लागी नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, फोन नं.०८१-५२६६४१, ०८१-५२०३१६ मा स्वास्थ्य महाशाखामा सम्पर्क गर्न सकिनेछ ।

**नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, नेपालगंज ।**

शिव प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत